# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।११।११ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।११।११ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र. अरुण कुमार गुरुङ** (वि.अ. को मु.नं. ०७६-CR-०३८५), वि.अ. को फैसला मिति २०८०।०३।२८) | बिद्युत महसुल हिनामिना गरी भ्रष्टाचार गरेको। | प्रतिवादी अरुण कुमार गुरुङ्ले ग्राहकहरुले बुझाइसकेको बिद्युत महसुलबाट हिनामिना गरेको कारणले त्यस्ता ग्राहकको नाममा उक्त हिनामिनाबाट बक्यौता देखिन गएको नियमानुसारको रिबेट तथा थप दस्तुर सहितको महसुल रकम रु. ८,७३,५४२।१४ लाई बिगो कायम गरी भ्रष्टाचार निबारण ऐन २०५९ को दफा ७ बमोजिमको कसुरमा सोही दफा ७ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम कैद गरी भ्रष्टाचार निबारण ऐन २०५९ को दफा ७ बमोजिम बिगो रु. ८,७३,५४२।१४ को दोब्बर जरिवाना गरी पाउन मागदावी लिईएको। | फैसलाः<br>अरुण कुमार गुरुङ्लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को कसूर गरेको देखिएकोले ऐ. दफा ३(१)(ङ) बमोजिम कसूरको मात्रा अनुसार १ वर्ष ६ महिना कैद र दफा ७ बमोजिम बिगोको दोब्बर रु १३,९७,६६७।४२ जरिवाना हुने ठहर्छ भनी मिति २०८०/०३/२८ मा फैसला भएको।<br>विशेष अदालत काठमाडौंले प्रतिवादी अरुण कुमार गुरुङ्लाई आरोपदावी भन्दा फरक बिगो कायम गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको।<br>क. छानबिनबाट निजले जम्मा रु ६,९८,८३३।७३ रकम हिनामिना गरेको भन्ने आरोपदावी रहेकोमा उक्त दाबी मिसिल प्रमाणबाट पुष्टी हुन आएको। | क. विशेष अदालत काठमाडौंले फैसला गर्दा रिबेट तथा थप दस्तुर बाहेकको नगद रु ६,९८,८३३।७३ बिगो कायम गरी सजाय गरेको। विद्युत महसुल संकलन बिनियावली २०६९ को बिनियम ८(३) बमोजिम मिटर रिडिङ गरेको ४१ औं दिन देखी माथि विद्युत बुझाएमा २५% थप दस्तुर लाग्ने छ भनी स्पष्ट व्यवस्था गरेको अवस्थामा नगद रु ६,९८,८३३।७३ को २५% ले हुने नगद रु १,७४,७०८।४१ थप गरी रिबेट तथा थप दस्तुर सहितको नगद रु ६,९८,८३३।७३ + रु १,७४,७०८।४१ गरी जम्मा रु ८,७३,५४२।१४ बिगो कायम गरी सजाय गर्नुपर्नेमा रिबेट तथा थप दस्तुर बाहेकको रकम रु ६,९८,८३३।७३ बिगो कायम गरी सजाय भएको हदसम्म त्रुटीपुर्ण रहेको। |